स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री नन्दिता केसीले आफ्नो रिलेसनसिप स्टाटस 'सिंगल' नरहेको भन्दै प्रेमीसँगको तस्वीर सार्वजनिक गरेकी छन । इन्स्टाग्रामबाट उनले आफू सम्बन्धमा रहेको उल्लेख गरेकी हुन् । पहाड र तालको सुन्दर पृष्ठभूमिमा प्रेमीसँग अंगालो हालेको तस्वीर पोस्ट गर्दै उनले आफ्नो रिलेसनसिप स्टाटस खुलाएकी हुन् । फोटोको क्याप्सनमा उनले लभहार्ट इमोजी उल्लेख गरेकी छन् । उनले यो फोटोमा जेडा फेसरको गीत 'अ थाउजन्ड इयर्स' समावेश गरेकी छन् । यो गीतले प्रेमिल भाव व्यक्त गर्छ ।

आजको विचार...



मगर...
(दुई पेजमा)

विष्णु बराल मगर



गायक प्रकाश सपुतको "सकम्बरी" बोलको गीतको म्युजिक भिडियोमा "फूलमाया"को भूमिका निभाएर चर्चामा आएकी मोडल कुसुम शर्माको चर्चा पुन: चुलिएको छ । गत वैशाखमा सार्वजनिक भएको 'सकम्बरी'पछि उनले दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिन्, ती सामान्य नै रहे । यतिखेर गायक युवराज चौलागाईंको 'नभुक्याउन' बोलको गीतको म्युजिक भिडियोमा उनले गरेको अभिनयले प्रशंसा बटुलिरहेको छ । यस म्युजिक भिडियोमा एक युवकसँग मिलेर आफ्नै श्रीमानलाई धोका दिने युवतीको भूमिका उनले निभाएकी छन् ।

❒ वर्ष २९ ❒ अंक २१० ❒ २०८० फागुन १५ गते मंगलबार 27 February 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### लघुवित्त पीडितहरूले गरे संसद् भवनभित्र प्रदर्शन



**पाल्पा,** फागुन १४/लघुवित्त पीडितहरुले संघीय संसद भवन भित्र प्रवेश गरेर विरोध प्रदर्शन गरेका छन् । संसद भवनमा बैठक सञ्चालन भइरहेको बेला उनीहरु संसद परिसरमै पुगेर प्रदर्शन गरेका हुन् ।

लघुवित्त तथा वित्तीय शोषणविरुद्ध काठमाडौं केन्द्रित आन्दोलन गरिरहेका उनीहरूले निषेधित क्षेत्र तोडेर काठमाडौंको बानेश्वरस्थित संसद भवन प्रवेश गरेका थिए । प्रदर्शनका क्रममा उनीहरूले सुतेर विरोध गरेका थिए । संसद भवनभित्रै प्रवेश गरेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । सरकारले संघीय संसद् वरपरको क्षेत्रलाई निषेधित क्षेत्र तोकेको छ ।

संसद् भवनभित्र छिर्न पनि कडा जाँच हुन्छ । तर लघुवित्त ऋणीहरुले निषेधति क्षेत्र तोडेर प्रदर्शन गरेसँगै केही प्रदर्शनकारीहरु पक्राउ परेका छन् । उनीहरुले आफूहरु गोली खान पनि तयार रहेको भन्दै संसद परिसरभित्रै छिरेर विरोध जनाएका थिए ।

# आज मगर एकता दिवस मनाइँदै, पाल्पाका स्थानीय सरकारले दिए सार्वजनिक विदा

**शर्मिला थापा मगर**

**पाल्पा,** फागुन १४/मगर समुदायले आज पाल्पासहित देशैभर ४२ औं नेपाल मगर संघ स्थापना एवं मगर एकता दिवस मनाउँदैछन् । मगर जातिको पहिचान, भाषा संस्कृतिको संरक्षण र एकताका लागि जुट्दै आएका संघ-संस्थाले विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागेका हुन् ।




मगर जातिको अधिकार र अस्तित्वको रक्षाको लागि एकजुट भएर लागेको सम्झना अर्थात् संघको स्थापनाको अवसरमा प्रत्येक वर्ष फागुन १५ गते यो दिवस मनाइँदै आइएको छ । हरेक वर्ष विश्वभरी छरिएका मगरहरुले अत्यन्त हर्ष, उल्लास, उमंग र जोशका साथ मगर दिवस धुमधामले मनाउने गर्छन् । ५२ प्रतिशत भन्दा बढी मगर समुदाय रहेको पाल्पामा पनि भव्य रुपमा यो दिवस मनाइँदै छ । पाल्पा आफैमा मगरी कला संस्कृतिले धनी जिल्ला हो । मगरहरुको आधाभन्दा बढी जनसंख्या भए पनि परम्परागत कला संस्कृति दिनहुँ हराउँदै गएपछि मगर समुदायका संघ संस्थाहरु जर्गेनामा जुटेका छन् । दिवसको अवसरमा मगर बाहुल्यता रहेका दशवटै स्थानीय सरकारले सार्वजनिक विदा दिएका छन् । यहाँका तानसेन नगरपालिका, रामपुर नगरपालिका, निस्दी गाउँपालिका, पूर्वखोला, माथागढी, तिनाउ, बगनासकाली, रैनादेवी छहरा, रम्भा, र रिब्दीकोट गाउँपालिकाले सार्वजनिक विदा दिएका हुन् । स्थानीय तहले कार्यपालिका बैठक बसी मगर दिवसका दिन पालिकाभित्र बिदा दिने निर्णय गरेको बताएका छन् । उनीहरुले सामुदायिक सहिष्णुता जोगाउन बाहुल्यता रहेका समुदायको खुसीका लागि बिदा दिने निर्णय गरेको बताएका छन् । पालिकामा रहेका मगर समुदायले सामाजिक संस्कार जोगाइराख्न दिवसको अवसरमा सरसफाइदेखि विभिन्न सांस्कृतिक कार्यक्रम समेत गर्ने भएकाले यसले आम स्थानीय बासिन्दामा रौनक थप्ने विश्वास यहाँका स्थानीय सरकारले लिएका छन् ।

जिल्लामा नेपाल मगर संघ जिल्ला कार्यसमिति तथा अन्य समूहले पालिकास्तरीय कार्यक्रमको आयोजना गर्दै छन् । २०३९ साल फागनु १५ गते नेपाल लौली परिवार संघको प्रथम अधिवेशन सम्पन्न भएको सम्झनामा मगर समुदायले मगर दिवसको रुपमा मनाउन शुरु गरेका हुन् । पछिल्लो समय विभिन्न कारणले लोपउन्मूख रुपमा रहेको मगर समुदायमा प्रचलित सालैजो, झ्याउरे, कौडा लगायतका लोकसंस्कृतिको जगेर्ना गर्न, नयाँ पुस्तालाई मगरभाषा, तथा साँस्कृतिक ऐतिहासिक पक्ष, रीतिरिवाज रहनसहनबारे जानकारी दिलाउन पनि दिवसले महत्वपूर्ण भूमिका खेल्ने मगर समुदायले विश्वास लिएको छ । मगर समुदायले फागुन १५ गते देशैभर सार्वजनिक विदा दिनुपर्ने, नेपालका प्रथम सहिद भनिने लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने लगायतका माग राख्दै आएका छन् । तर आदिवासी जनजातिमध्ये पहिलो र समग्रमा तेस्रो ठूलो जनसंख्या भएको मगर समुदायको मागलाई सरकारले सधैं बेवास्ता गरेको उनीहरुको गुनासो छ ।

## पाल्पाको रामपुरमा राष्ट्रिय महिला भलिबल प्रतियोगिता हुँदै

**भरत शर्मा**

**पाल्पा,** फागुन १४/पाल्पाको रामपुरमा पहिलो पटक राष्ट्रियस्तरको महिला भलिबल खेल प्रतियोगिता हुने भएको छ । जिल्ला भलिबल संघ पाल्पाको आयोजना र जिल्ला खेलकूद विकास समितिको समन्वयमा प्रथम लुम्बिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोता हुने भएको हो ।



संघले रामपुरमा पत्रकार सम्मेलन गरी यही फागुन १८ देखि २४ गतेसम्म प्रतियोगिता गर्न लागेको जनाएको छ । प्रतियोगितामा विभागीय टिमहरु नेपाल आर्मी, नेपाल प्रहरी, एपीएफ र सातै प्रदेशका खेलाडीहरुको सहभागीता रहने छ । प्रदेश खेलकुद परिषद लुम्बिनी मुख्य प्रायोजक तथा प्रवर्द्धक रहेको प्रतियोगितामा प्रथम पुरस्कार नगद दुई लाख ५० हजार, द्वितीय पुरस्कार नगद एक लाख ५० हजार, तृतीय पुरस्कार नगद ७५ हजार, सान्त्वना पुरस्कार ३५ हजार साथमा विधागत पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र रहने संघले जनाएको छ । पर्यटकीय, व्यवसायिक, आर्थिक रुपमा रामपुर सवल र सक्षम भएकाले पनि राष्ट्रियस्तरको खेलका लागि रामपुर क्षेत्र छनौट गरिएको प्रदेश खेलकुद परिषद लुम्बिनीका सदस्य सचिव जयप्रकाश भट्टराईले बताए । पत्रकार सम्मेलनमा सदस्य सचिव भट्टराईले देशैभरका ३ सय खेलाडीको प्रतियोगितामा सहभागिता रहने जानकारी दिए ।

प्रतियोगिताका लागि ८४ लाख बराबरको खर्च लाग्ने अनुमान गरिएको जिल्ला भलिबल संघ पाल्पाका अध्यक्ष राजु गुरुङले बताए । उनका अनुसार प्रतियोगितामा अशक्त, महिला, जेष्ठ नागरिक र फरक क्षमता भएका व्यक्ति, सञ्चारकर्मीलाई सहज रुपमा अवलोकनको व्यवस्था गराइने छ । खेलाडीमाफत आन्तरिक पर्यटक भित्र्याउन प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले विश्वास व्यक्त गरे । यस अघि लुम्बिनीमा १९ औं राष्ट्रिय महिला भलिबल खेल भएता पनि संघीयता पश्चात पहिलो पटक पाल्पाको रामपुरमा खेल हुनु जिल्लावासीका लागि गौरवपूर्ण रहेको भलिबल संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष योग गुरुङले बताए । खेल रामपुर नगरपालिका-५ स्थित रामतुलसी नमुना माविको खेलमैदानमा हुने छ । पत्रकार सम्मेलन संघका जिल्ला अध्यक्ष राजु गुरुङ्गको अध्यक्षता, जिल्ला खेलकूद विकास समितिका सदस्य दुर्गेश मल्लको सञ्चालनमा भएको थियो ।

## कर्मचारी आवश्यकता

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**
**संख्या :** केही
**योग्यता :** +२ उत्तीर्ण
**तलव :** नियम अनुसार
**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(**नोट :** मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गैरसरकारी संस्था दिवसको सन्दर्भ

विश्व गैरसरकारी संस्था दिवस आज विश्वभर मनाइँदै छ । गैरसरकारी संघसंस्थालाई समाज विकासमा थप हौसला दिन संयुक्त राष्ट्रसंघ (यूएनओ)ले हरेक वर्षको २७ फेब्रुअरीमा यो दिवस मनाउने गरेको हो । आज विश्वमा लाखौं गैरसरकारी संघसंस्था क्रियाशील छन् । समाज कल्याण परिषद्ले नेपालमा कार्यरत गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको दर्ता तथा नियमन गरिररहेको छ । विशेषत: दिवसले स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा गैर–सरकारी संस्थाले समाजमा पुर्‍याएको योगदान र अन्य गतिविधिहरूको महत्वलाई विश्वसामु प्रस्ट पार्ने प्रयास गर्दछ । विश्वको तथ्यांकलाई हेर्ने हो भने कुनै पनि देशमा जब राज्य कमजोर हुन्छ, गैरसरकारी संस्थाको (गैसस) प्रभाव बढेको देखिन्छ । लामो समयसम्म द्वन्द्वमा रहेका देशहरु द्वन्द्व समाधान पछि र प्राकृतिक विपत् पछि यस्ता संस्थाहरुको संख्या उल्लेख्य मात्रामा बढेको पाइन्छ । विश्वका धैरै देशहरुमा गैससको उपस्थिति छ र अनुसन्धानले के देखाउँदछ भने विश्वका करिब ८० प्रतिशत जनताले गैरसरकारी संस्था सकारात्मक सामाजिक परिवर्तनमा भूमिका खेलेको विश्वास गर्दछन् ।

नेपाल लामो समयसम्म संक्रमणकालीन अवस्थामा रह्‍यो, दश वर्षसम्म आन्तरिक द्वन्द्वमा फस्यो र ठूला–ठूला प्राकृतिक विपत्ति आइपरे । नेपालमा १० वर्षे द्वन्द्व अन्त्य पछि र २०७२ सालको भूकम्प पछि गैससको संख्या उल्लेख्य बढेको पाइन्छ । पचास प्रतिशत भन्दा बढी गैससहरु समुदाय तथा ग्रामीण विकाससँग सम्बन्धित छन् । त्यो बाहेक शिक्षा, स्वास्थ्य, कृषि, वातावरण, महिला बालबालिका, युवा, फरक क्षमता भएका, एड्स लगायतका क्षेत्रसँग सम्बन्धित छन् । अपवाद बाहेक केही गैरसरकारी संस्थाहरुमा विकृति पनि देखिएको छ । गैरसकारी संस्थाको नाममा ठूलो रकम आउने गरेको छ । तर त्यो रकमको कुनै पनि हिसाबकिताब छैन । आवश्यक ठाउँमा खर्च नहुँदा त्यसले परिणाम दिनेभन्दा पनि प्रक्रिया पूरा गर्ने र प्रशासनिक खर्चमै धेरै ओइरो लगाउनुले पनि यस्ता रकमबाट ठोस उन्नति नहुनु हो । उन्नति चाहिँ मुठ्ठीभर व्यक्तिले गरेका छन् । गैरसरकारी संस्थामा आउने रकममा राज्यको चासो, नियमन र अनुगमन मात्रै होइन हस्तक्षेपकै पनि जरुरी छ । शिक्षा र स्वास्थ्यका नाममा सबैभन्दा धेरै भित्रिन्छ । तर सबैभन्दा नराम्रो हालत कुनै क्षेत्रको छ भने त्यो पनि शिक्षा र स्वास्थ्य नै हो । बरु गैरसरकारी संस्थाले शिक्षा र स्वास्थ्यलाई मागी खाने भाँडो बनाएका छन् । यसो हुनु दुखद् हो । हजारौको संख्यामा रहेका गैरसरकारी संस्थाहरु विगतमा देश विकासमा कति सहयोगी भए र भविष्यमा यस्ता संस्थाहरुलाई कसरी थप प्रभावकारी बनाउने भन्ने तर्फ समयमै सोच्न जरुरी छ । यसो भयो भने मात्र विश्व गैरसरकारी संस्था दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

धेरै बहकिदा मन कतै गिर्न सक्छ, मिठा दुई शब्दले मन फेर्न सक्छ !
याद गर्नु जिब्रो फलामले बनेको हुन्न, तर त्यसको धारले मन चिर्न सक्छ !!
*(मदन क्षेत्रीको फेसबुक स्टाटस https://www.facebook.com/madan.chhetri)*


यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : राष्ट्रिय मगर एकता दिवस

# मगर जातिमा भएको रीति रिवाज र फागुन पन्ध




मगर नेपालको बहुल जनसंख्या भएको जात मध्ये एक जात हो । मगरलाई जाति भनिन्छ वा जात यसमा विभिन्न तर्कहरु छन् । कसैले मगरलाई जातको दर्जामा राख्ने गरेका तर्कहरु पाईन्छ, भने कसै कसैले मगरलाई जाति भनेर उल्लेख गर्ने गरेका छन् । कार्लमार्क्सले व्याख्या गरे अनुसार जग्गा जमिन, धन, सम्पत्ति नभएकाहरु निमेक गरी खाने वा श्रम जीविलाई जाति मान्ने हो भने सबै मगर जाति विशेष होईनन् । जात नै हुन किनकी नेपालको विभिन्न मगर पूर्वजहरु राजकाज चलाएका इतिहासहरु छन् । विश्वभरी बहादुरी देखाई भि.सि प्राप्त गरेका छन् । यो आधारमा मगर जात नै हुन् । नेपालको इतिहासमा सन् १९५४ मा नेपालका जंगबहादुरले मुलुकी ऐनमार्फत (जसलाई आदिवासीहरु विभेदकारी ऐनको रुपमा मान्दै आएका छन्) ल्याईएका चलनले पानी चल्ने तर चोखोनितो नबार्ने भनि एक जातिमा सिमित गराइएकाले जाति भनिएको भनि नेपालमा वर्ग र जात जातिका लेखक विद्वान डा. पीताम्बर शर्माले (२०७९)मा उल्लेख गरेका छन् । तर मगरहरु अत्यन्त चोखो बस्ने चलन छ । त्यसैले त नेपालका विभिन्न प्रसिद्ध देवी देवताहरुमा मगर नै पुजारी हुने प्रथा छ । यस तर्कबाट पनि जाति भन्ने शव्द उपयुक्त देखिदैन ।

मगर (जात वा जाति जे होस्) नेपालको जनगणना २०७८ अनुसार २०,१३,४९८ अर्थात् कूल जनसंख्याको ६.९ प्रतिशत रहेको उल्लेख छ । यस हिसाबले कूल जनसंख्यामा तेस्रो ठूलो जात रहेको छ । पाल्पामा मगर समुदायको संख्या १ लाख ३६ हजार ५ सय ८८ जना अर्थात् सबै भन्दा बढी जनसंख्या भएको जात भनेर परिचित छ । नेपालको भूगोलमा मगर बाहुल्यता रहेको १६ जिल्लाहरु छन् भने देशको ७७ वटै जिल्लाहरुमा मगर समुदायको बसोवास रहेको तथ्यांक छ । झट्ट हेर्दा शारीरीक रुपमा गहूँ गोरो, लोप्रे आँखा र थेप्चो नाक भएका मंगोल मूलका एक जाति हो मगर । आनीबानी व्यवहार प्राय: झवाट्टै उत्तर दिन नचाहाने, कसैको विषयमा अनावश्यक चासो नराख्ने आफ्नै प्रवृतिमा रम्ने स्वभावको हुन्छ मगर । नारदमणि थुलुङका अनुसार दाह्री जुँगा नभएका चिल्लो अनुहारका कारण नारी वा पुरुष छुट्टयाउन नसक्दा आर्यनहरुले संस्कृत भाषामा 'किनर' (कसरी पुरुष ?) भन्न थाले । यसरी, अनुहार चिल्लो गाला सुन्दर मगरको शारीरिक परिचय हो ।

मगर जातिको नामाकरणको विषयमा विभिन्न विद्वानहरुले छुट्टाछुट्टै तर्क पेश गरेका छन् । यस विषयमा २०७९ को अंकमा पनि केही व्याख्या गरिएको छ तथापी (पुन उल्लेख गरिदिनु पर्‍यो भन्ने मागलाई ध्यानमा राख्दा) इतिहासकार शिखरनाथ शर्माको अनुसार ठकुरी, राणालाई 'राना' बनाई तनहूँ र गोरखाका दशैं घरमा पूजा गर्न 'अधिकारी' बनाई पठाइयो । त्यति बेला "आज देखि मैले गर्ने काम गर" भनी राजाबाट हुकुम भएको र त्यसैबाट अपभ्रशं हुदै 'मगर' हुन पुग्यो भन्ने भनाई छ । (गोत्र प्रवलावलि, पृ ६२) अर्का मगर जातिका विषयका जानकार शोधकर्ता डा. श्री केशर जङग बरालको शोध पत्र २०३८ अनुसार आज भन्दा २३०० इ. पूर्वमा फिरन्तेको रुपमा एक जाति मग्यार (Magyars) भन्ने ठाउँबाट नेपालमा बसोबास गर्न आइपुग्यो । पछि गएर ती जातिलाइ 'मगर' भन्न थालियो । अर्कोतिर महाभारत कालमा 'जरासिन्धु' नामको एउटा राजा उल्लेख भएको पाइन्छ जसलाई मगधपति वा 'मगरको राजा' पनि भनिन्थ्यो । उनका सन्तान मगर जाति हुन् भन्ने गरिन्छ । इतिहासकार डा. हर्ष ब. बुढाका अनुसार ९ औं शताब्दीमा ग्चबकि (युराल) बाट Magyars हंगेरी आए र त्यहाँबाट नेपाल आई बसोबास गर्न थाले । त्यही 'मग्यार' पछि अपभ्रंश भइ मगर हुन गयो (किराँत वशं र मगर पृ.४८) । यसैगरी भारतको वंगालमा रहेको नागवंशीयहरु आफूलाई नागपूजाबाट लुकाउन 'मगर' शब्द प्रयोग गरे सोही जाती आज मगर हुन पुग्यो (भारत खण्ड और नेपाल पृ.३) । बालकृष्ण पोखरेलले मगरको नराम्रो बानी व्यवहार 'मर्कटा' शब्द प्रयोग गरी सोही अपभ्रशं भई 'मगर' भएको बताउँछन् । मर्कटा शब्द कम बोल्ने वा बोल्न नचाहने भन्ने जनाउँछ । मगर जातिको उत्पति बारे अर्को प्रचलित कथन पाइन्छ । चण्डी पूजा गर्न जादा धेरै भाइहरु मध्ये कान्छोले 'म गर्छु भनेको र त्यहीबाट मगर हुन गयो भन्ने कहावत भेटिन्छ । यसरी आज एक जाति बन्न पुगेको मगरको नामाकरणमा कुनै ठोस प्रमाणिता नभए तापनि बसाई सराईको प्रक्रिया वा कामको पदबाट 'मगर' रहन गयो भन्न सकिन्छ ।

मगर जात भित्र विद्यमान विभिन्न किसिमका समानता प्रजातान्त्रिक मूल्य र मान्यताहरुको प्रमाणहरु आज पनि समाजमा प्रसस्त भेटिन्छन् । मगर सरल सहनशील र विभिन्न संस्कृतिमा रमाउने जात हो । मगर जातमा कुनै मौषमी र कुनै बाह्रमासे गीत संगीतहरु, नृत्य कला प्रस्तुत गर्दै दु:ख वेदना भन्ने गर्दछन् । (मगरहरुको संस्कृति २०६८ दोस्रो संस्करण पृ. ८४/८५ ) विभिन्न लेख, रचना, पत्रपत्रिका र पुस्तकहरु अध्ययन गर्दा मगर जात अर्ध मातृसतात्मक जात जाति हुन् । यी जातिमा लैंगिक समानता, आर्थिक समानता र सांस्कृतिक समानता स्पस्ट भेटिन्छन् । त्रि.वि. उपकुलपति प्रा. डा.केशरजंग बरालका अनुसार मगर जातिहरु कुनै शुभकार्य, अन्नपात भित्र्याउदा, भोज भतेर, मासु शिकार गरेका चिजहरु सबै मिलेर गर्ने गर्दछन् र घरधूरीलाई समान बिलो ( भाग) लगाउने गर्दछन् । (२०६८) धनि गरिव सबैलाई समान सहभागिता ( सगोल) मा विलो लगाइन्छ र आ-आफनो भाग स्याहार्ने गरिन्छ । यदि कसैले खरिद गर्न सक्दैन भने मात्र सक्नेले बिलो खप्ट्याउने (थप्ने) काम हुन्छ । अर्का विद्वान डा. हर्ष ब.बुढा मगर पृ ४६३ देखि ४८० पृष्ठ सम्म) यदि कसैले गलत अर्थ लगाएर हामी ठूलो उ सानो भनेमा त्यसको कुनै धार्मिक, साँस्कतिक वा राजनैतिक आधारहरु भेटिदैन । यसका अलावा अर्को जातसंग विवाह गरेता पनि दाजुभाई बिच केहि मनमुटाब, रिसराग भएतापनि जात घटुवा हुर्दैन ।

हिन्दुहरुको धर्म लेखबाट शुरु भएको मानिन्छ वेदहरु यसका ज्वलन्त उदाहरण हुन् । मगरहरुको धर्म बारे कसले के-के लेखे वा जलाइए, नष्ट गरिए वा लेखिएन स्पष्ट छैन र सत्य यहि हो कि जुनसुकै धर्म मान्न सबैलाई छुट भए पनि मगरहरु प्रकृतिलाई पूजा गर्ने जाति हो । मात्र बुद्ध धर्मभन्दा पनि बौद्धमार्गी हुनुको मगरका धेरै रितिरिवाज परम्परा बुद्ध व्यवस्थासँग मेल खान्छ तर त्यहि धर्म भने होइन यो त पछि गुल्मीको तम्घासमा आयोजित सम्मेलनमा विवादित रुपमा भए पनि घोषण गरिएको मात्र थियो । कैंयो मगरहरु यसलाई जवरजस्ती घोषणा गरिएको मान्दछन् । मगरहरुले बुद्धले जस्तै संघम् शरणनम् गच्छामी वा समुहमा काम गर्ने जाति हो । अर्को तर्फ सृष्टि भन्दा पुरानो केहि चिज छैन र मगरहरु सृष्टीका पूजक हो । हावा, पानी, जमिन, रुखको पूजा गर्ने गर्दछन् । हिन्दु पंचतत्वबाट बनेको शरीर स्वीकार्द छन् । त्यहि प्रकृति अनुसार मगरहरुको लुगा, कपडा, खाना, कुडुले घर, गीत संगीत हुन्छ । देवीदेवताको पूजा आजा पनि प्रकृतिसंगै रहेर गर्दछन् । विभिन्न धर्ममा हुने थिचोमिचो मगर समुदायमा पाइदैन । हिन्दुमा हुने जस्तो दलित वा बाह्मण वा बैष्णव ठूलो भन्ने हुँदैन, मुश्लिम धर्ममा जस्तो सुन्नी समुदाय र शिया विचको मारकाट हुँदैन । क्रिश्चियन धर्ममा जस्तो क्याथोलिक र प्रोटेसटेन्ट विचको लडाई हुँदैन मगरमा । मगरहरु त एउटै मानव धर्म प्रकृति पूजक हून् । हावा पानी, सुर्य, जमिन रुख सबै समान छन् यो नै मगरको पहिचान हो । संसार बचाउने उसैको पूजा गर्ने शिष्य हो । उसले वायुपूजा भूम्या पूजा, जलदेवता पूजा, भूंयार पूजा गर्दछन् । मगर जातिमा आफ्नै मामाकी छोरीसंग विवाह गर्ने चलन अझै छ । अन्य जातिलाई सुन्दा अचम्म र अबैज्ञानिक लागेता पनि वास्तविकता यही हो । अरुकै छोरी ल्याएपनि सासु ससुरालाई माइजु मामा नै भनेर बोलाइन्छ । मगरहरुमा पनि सदियौं देखि यो चल्दै आएको छ । मामा माइजुलाई भगवान बराबर मान्ने गर्दछन् । मगरमा ठूलो नाचको कारण कृष्ण चरित्रमा पनि मामा भान्जा उल्लेख छ । मगरहरु आफ्ना भान्जाहरुले दुख नपाउन, फुपूहरुलाई सजिलो होस भनेर भदैनी सुम्पेको पाइन्छ । यसमा नेपालको कानुनले हाडनाताको अर्थ लाग्दैन । यो विभिन्न जात जातिमा फरक फरक छ । गुरुङ समदायको पनि फप चेला र मामा चेलीविच मागी विवाह चल्दछ भने मुस्लिमहरुको झन् फरक

**मगर दिवस र फागुन १५ को सम्बन्ध**

मगर दिवस र फागुन १५ को सम्बन्धमा धेरैले आ-आफ्नै अनुमान प्रस्तुत गरेको पाईन्छ । धेरै जिज्ञाशुहरुले किन फागुन १५ मनाउँछन् मगरहरुले भनि सोध्ने गर्नुहुन्छ । यसको कुनै धार्मिक, आध्यात्मिक वा पौराणिक कथा वस्तुहरु ठोस प्रमाणका रुपमा भेटिदैन । प्रथम शहिद लखन थापाको प्रसंग जोडिएता पनि लखन थापालाई फागुन २ गते मृत्यदण्ड दिइएको थियो । विद्वान डा. हर्ष ब.बुढा मगर पृ ४८३ देखि ४८४ पृष्ठ) एउटा बलियो स्रोत यो हो कि वि. सं २०३९ फागुन १४ गते तनहूंको दमौलीमा लाङ्घाली परिवार संघको तेस्रो सम्मेलन श्री हेम ब. पुनको अध्यक्षतामा बसी १५ र १६ फागुनलाई प्रथम राष्ट्रिय महाधिवेशनको रुपमा सम्पन्न गरी फागुन १५ लाई राष्ट्रिय मगर दिवसको रुपमा मनाइएको बलियोप्रमाण भेटिन्छ । त्यसैले यस पटक आज ४२ औं मगर दिवसको रुपमा फागुन १५ मनाइरहेको छ । मगर जातिका विभिन्न सकारात्मक पक्षहरु सबै जात जातिले सिक्ने र सहकार्य गर्ने प्रेरणा मिलोस् । धार्मिक, सांस्कृतिक र रिती रिवाज सहिष्णुताको विकास होस् । शुभकामना !

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य अवसर पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ । |
| **वृष** : श्रमको उचित मूल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **मिथुन** : नयाँ कामको थालनी होला । कान्ति र मनमा शान्ति छाउनेछ । | **धनु** : मनमा हर्ष, उमंग र उत्साह छाउने र जोशजाँगर बढ्नेछ । |
| **कर्कट** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **मकर** : कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| **सिंह** : आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** :शेयर बजारको कारोबार हुनेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । शुभ समाचार पनि सुन्न पाइएला । | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |




# पृथ्वीमा जुनसुकै बेला खस्नसक्छ 'हजुरबा स्याटेलाइट'



कुनै समय निकै ठूलो महत्व राख्ने युरोपको एउटा कृत्रिम भूउपग्रह 'स्याटेलाइट' केही घण्टा भित्रमा पृथ्वीमा खस्नेबाला छ । इआरएस टू नामक उक्त स्याटेलाइट सन् १९९५ मा प्रक्षेपण गरिएको थियो । इसको सहयोगबाट ती आधुनिक प्रविधिहरुको विकासमा सहयोग पुग्यो जो आज अन्तरीक्षबाट पृथ्वीमा निगरानीका लागि प्रयोग भइरहेका छन् । इआरएस टू स्याटेलाइटले सन् २०११ बाट काम गर्न छाडेको थियो । त्यस पछि यो विस्तारै पृथ्वीतर्फ आइरहेको थियो । यो अचानक अनियन्त्रित भएर कुनै पनि बेला वायुमण्डलमा खस्नेछ । युरोपेली अन्तरीक्ष एजेन्सीका अनुसार दुई टन तौलको यो स्याटेलाइटको अधिकांस हिस्सा पृथ्वीको सतहमा पुग्नुअघि नै जलेर नष्ट हुनेछ । दहन हुन बाँकी स्याटेलाइटको केही अंश पृथ्वीमा खस्ने सम्भावना भएता पनि मानिसको बसोबास भएको क्षेत्रमा खसेर क्षति गर्ने सम्भावना भने न्यून रहेको बताइएको छ । ती टुक्राहरु समुद्रमा खसेर डुब्ने आँकलन गरिएको छ । इएसएको अर्थ अब्जर्भेसन ग्राउण्ड सेग्मेन्ट विभागका मिरको एल्बानी भन्छन् : यो जानकारी गराउनु आवश्यक छ कि जुन अंश पृथ्वीमा खस्नेछ, त्यो पनि विकिरणयुक्त तथा विषाक्त हुनेछैन । त्यसमा यानका केही आन्तरिक प्यानल तथा धातुका टुक्राहरु हुन सक्नेछन् ।

**स्याटेलाइटको हजुरबा**


युरोपेली अन्तरीक्ष एजेन्सीले सन् १९९० को दशकमा दुईवटा यस्ता एकै खाले अर्थ रिमोट सेन्सिंग 'इआरएस' उपग्रह प्रक्षेपण गरेको थियो । जसमा एउटा इआरएस १ र अर्को इआरएस २ थिए । इआरएस उक्त समयका सबैभन्दा आधुनिक कृत्रिम उपग्रह थिए जसमा जमीन, समुद्र तथा हावामा हुने परिवर्तन मापन गर्ने उपकरण जडान गरिएको थियो । यी स्याटेलाइटले बाढीको निगरानी गर्ने, समुद्र तथा महाद्धिपहरुको तापमान मापन गर्ने, बरफका पत्रहरुमा आएको परिवर्तनको निगरानी गर्ने र भूकम्पका क्रममा भएको परिवर्तनका बारेमा तथ्यहरु जुटाउने काम गरेका थिए । त्यसमध्ये इआरएस टू मा सूर्यको परावैजनी किरणहरुबाट पृथ्वीको सुरक्षा गर्ने ओजन तहको जाँच गर्ने क्षमता पनि थियो । युरोपमा ती दुवै स्याटेलाइटहरुलाई तत्कालीन समयमा पृथ्वीको निगरानी गर्ने स्याटेलाइटहरुका हजुरबुवा अर्थात् ग्राण्डफादर भनिन्थ्यो । यी दुई मध्ये इआरएस सुरुमा पृथ्वीतर्फ आउदैंछ ।

**अन्तरीक्षमा फोहोरको खतरा**

जब इआरएस स्याटेलाइट लञ्च गरिएको थियो त्यस बेला अन्तरीक्षमा बिग्रिएका स्याटेलाइटबाट फैलिने फोहोरका टुक्राहरुका बारेमा खासै कडा नियम थिएन । हाल युरोपेली अन्तरीक्ष एजेन्सीले नयाँ नीति बनाएको छ । जस अनुसार अन्तरीक्षमा कत्तिपनि फोहोर छाड्न पाइदैंन । त्यसैले काम छाडिसकेका उपग्रहहरुलाई नष्ट गर्नका लागि पाँच वर्ष भन्दा धेरै समयको छुट हुदैंन । साथै भविष्यमा प्रक्षेपण गरिने स्याटेलाइटहरुमा अतिरिक्त इन्धन पनि राखिनेछ, ताकि काम सम्पन्न भैसकेका वा काम गर्न छाडेका स्याटेलाइटहरुलाई पृथ्वीमा फिर्ता ल्याउन सकियोस् । विश्वमा निरन्तर ठूलो संख्यामा स्याटेलाइटहरु अन्तरीक्षमा प्रक्षेपण भैरहँदा ती पूराना स्याटेलाइटहरु एक आपसमा ठोक्किने खतरा बढिरहेको छ । ईआरएस टू लाई पृथ्वी भन्दा ७८० किलोमिटर माथि पृथ्वीको कक्षमा स्थापित गरिएको थियो । त्यसमा बँचेको इन्धनको प्रयोग गरेर उक्त स्याटेलाइटलाई केही तल झारेर पृथ्वी भन्दा ५७० किलोमिटर माथि ल्याइएको थियो । त्यसबेला उक्त स्याटेलाइट १५ वर्ष भित्रमा तल्लो वायुमण्डलमा प्रवेश गरेर नष्ट हुने अनुमान गरिएको थियो । र, अब यो अनुमान सही साबित हुदैंछ । एता इआरएस १ लाई पनि तल ल्याउने प्रयास गरिएको थियो । तर यसो गर्ने समयमा उक्त स्याटेलाइटसँग सम्पर्क टुटेको थियो । ईआरएस १ अहिले पृथ्वीबाट ७ सय किलोमिटर माथि घुमिरहेको छ । यो तल आएर पूर्णरुपमा नष्ट हुनका लागि १ सय वर्षभन्दा धेरै समय लाग्न सक्दछ । अमेरिकी कम्पनी स्पेस एक्स, जसले हाल ५ हजार ४ सय भन्दा धेरै उपग्रहहरु सञ्चालन गरिरहेको छ, उसले त्यसमध्ये १ सय उपग्रहहरुलाई पृथ्वीमा फिर्ता ल्याउदैंछ । ती यानमा समस्या देखिएपछि फिर्ता ल्याउन थालिएको हो । अन्तरीक्षलाई सुरक्षित बनाउने क्षेत्रम काम गर्ने समूह सेक्योर वर्ल्ड फाउन्डेसन तथा लियोल्याब्स नामक अमेरिकी कम्पनीले गतहप्ता भनेको थियो कि अन्तरीक्षमा फोहोरको मात्रा लगातार बढिरहेको हुँदा त्यहाँबाट फोहोर हटाउनु आवश्यक छ । अन्तरीक्षमा जम्मा भएको फोहोरले विश्वको अर्थतन्त्रका लागि निकै महत्वपूर्ण रहेका स्याटेलाइटहरुलाई पनि ध्वंस गर्नसक्ने उनीहरुको भनाई छ ।

*-अनलाइन खबर डटकम*

# चीन र अमेरिकाको विशाल 'चिप्स' युद्ध



पूर्वी युरोपमा चलिरहेको खुला युद्धको असर सामना गरिरहेको विश्वले अब चीन र अमेरिकाबीच प्रविधिमा आधारित पूर्ण आर्थिक युद्धको सात्क्षात्कार गर्दैछ । अमेरिका र चीनबीचको यो द्वन्द्व तीव्र छ र यसको परिणाम गम्भीर हुनेवाला छ । गत महिना अमेरिकाको वाणिज्य मन्त्रालयले चीन लक्षित नयाँ र कठोर प्रतिबन्धको घोषणा गऱ्यो । चीनलाई अमेरिकी उन्नत सेमिकन्डक्टर तथा उच्च प्रविधियुक्त सामग्री बिक्रीमा उसले बन्देज लगाएको छ । रूसले युक्रेनको ऊर्जा पूर्वाधारलाई ध्वस्त बनाउन मिसाइलको सहारा लिएको अवस्थामा अमेरिकाले चीनको सेना, गुप्तचर तथा सुरक्षा सेवालाई कमजोर बनाउने उद्देश्यले निर्यात प्रतिबन्धको सहारा लिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले गत अगस्टमा चिप्स सम्बन्धी ऐनमा हस्ताक्षर गरेका थिए ।

यो ऐनमा सेमिकन्डक्टर उद्योग प्रवर्द्धनका लागि अनुदान दिने प्रावधान छ । २१ औं शताब्दीका लागि मात्रै होइन अब आउने समयका लागि पनि सेमिकन्डकटर अर्थतन्त्रको मुटु बनेको छ । माइक्रोचिप्सबिना हाम्रा स्मार्टफोन स्मार्ट हुने छैनन् । हामीले प्रयोग गर्ने सवारी साधन गुड्ने छैनन् । सञ्चार सञ्जालले काम गर्ने छैन । स्वचालित कुनै पनि प्रविधि माइक्रोचिप्सबिना कल्पना गर्न सकिदैंन । आर्टिफिसियल इन्टिलिजेन्स 'प्राविधिको बौद्धिकता' को युग विज्ञान कथा तथा उपन्यासमा मात्रै सीमित हुने छन् । मानिसको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने माइक्रोचिप्सको निर्माण तथा मूल्यलाई नियन्त्रणमा राख्नु निकै महत्वपूर्ण छ । तर भविष्यमा विश्वलाई नै आफ्नो नियन्त्रणमा राख्नका निम्ति अब माइक्रोचिप्समा आधारित द्वन्द्व हुने देखिन्छ । सेमिकन्डक्टरको उत्पादन विश्वव्यापी छ । उत्पादनमा भने मुख्य नियन्त्रण अमेरिकाकै छ । चिप्सको स्वरूप अमेरिकाले तयार गर्छ । युरोपको अत्याधुनिक प्रविधिको प्रयोगबिना त्यसको उत्पादन सम्भव हुदैंन । यता, सबभन्दा उन्नत चिप्सको निर्माणका लागि पूर्वी एसियाका सामग्रीमा निर्भर हुनुपर्ने बाध्यता छ । ताइवान अहिले यो चिप्सका लागि महत्वपूर्ण मुलुक हो भने दक्षिण कोरियाले पनि अहिले आफ्नो स्थान बलियो बनाएको छ । प्रविधिमा सर्वोच्चता कायम राख्न चीन त्यस्ता चिप्समा अत्यधिक निर्भर छ । चीनले सेमिकन्डक्टरको स्वरूप निर्माण तथा उत्पादनमा धेरै नै खर्च गरेको छ। तर चिप्समा आत्मनिर्भर बन्ने प्रयासमा रहेको चीनले अपेक्षित सफलता हात पार्न सकेको छैन । चिप्स उत्पादनका हिसाबले चीन अमेरिका भन्दा निकै पर मात्रै होइन, कतिपय उन्नत चिप्स त चीनको पहुँचमै छैन । चीनमा हुवावेलाई दूरसञ्चारको दिग्गज कम्पनीका रूपमा लिइन्छ । त्यस कम्पनीलाई अमेरिकाले चिप्स बेच्न प्रतिबन्ध लगाएको दुई वर्ष भयो । हुवावेले स्मार्टफोनको बजारमा बिक्रीका हिसाबले गतिलो प्रभुत्व स्थापित गरिसकेको थियो । चिप्स नपाएसँगै उसले बजार हिस्सा ८० प्रतिशतले गुमाउन पुग्यो। हुवावेलाई कमजोर बनाएको अमेरिकाले चीनका हरेक प्रविधि कम्पनीलाई त्यस्तै अप्ठ्यारोमा पार्ने लक्ष्य लिएको छ । नाटकीय रूपमा तीव्र बनिरहेको प्रविधि द्वन्द्वले अर्थतन्त्र र राजनीतिलाई पनि नाटकीय रूपमा परिवर्तन गर्नेछ । त्यसका केही असर तुरून्तै देखापर्ने छन् भने केही देखिन अझै समय लाग्नेछ । अमेरिकाको प्रतिबन्धका बाबजुद चीनले अमेरिकी चिप्स भण्डारणका निम्ति परिष्कृत उपायहरू निकालिरहेको छ । हुवावे अप्ठ्यारोमा परेपछि अनर नामक अर्को कम्पनी खडा गरियो । त्यस कम्पनीले अमेरिकाको क्वालकम कम्पनीको चिप्स प्रयोग गरेर स्मार्टफोन बेचिरहेको छ । चीनमाथि चिप्सको प्रतिबन्धको असर उसको प्रविधि कम्पनीलाई मात्रै नभएर अर्थतन्त्रका अन्य क्षेत्रमा पनि पर्नेछ । अब आफ्नो चिप्सहरू चीनमा निर्यात गर्न युरोपले त्यस्ता उत्पादनसँग अमेरिका कहीँ कतै नजोडिएको प्रमाणित गर्नुपर्ने छ । चिप्स उत्पादन प्रणालीको विश्वव्यापी प्रवृत्तिलाई हेर्दा ताइवान र दक्षिण कोरियाकै चिप्सको मात्रा पनि सीमित नै छन् । चीनको सैन्य सामग्री उत्पादनमा उन्नत चिप्स प्रयोग हुन नदिन अमेरिकाले यस्तो प्रतिबन्ध लगाएको हो । तर त्यसको असर चीनको समग्र विकासमा पर्नेछ । अमेरिकाले प्रतिबन्ध लगाएसँगै चिप्समा आत्मनिर्भर हुन चीन नि:सन्देह कठोर बन्नेछ । चीनले जतिसुकै शक्ति लगाउँदा पनि उन्नत चिप्स निर्माणमा समय लाग्ने नै छ । चीनलाई चिप्समा आत्मनिर्भर हुन नदिनकै निम्ति अमेरिकाले प्रतिबन्ध लगाएको हो । आत्मनिर्भरताको स्थितिमा आउँदासम्म चीनले धेरै क्षति बेहोर्न सक्छ । चिप्सको नयाँ द्वन्द्वले चीन र अमेरिकाबीच लामो समयदेखि चलिआएको लडाइँ झनै फराकिलो हुने देखिन्छ । यो द्वन्द्वले विश्व अर्थतन्त्रमा दूरगामी प्रभाव पार्नेछ । विश्व अर्थतन्त्रमा पर्न सक्ने प्रभावमध्ये केही मात्रै अनुमान गर्न सकिने खालका छन् । रूसले मिसाइल प्रहार गरी ध्वस्त बनाएका ऊर्जाका पूर्वाधार युक्रेनले निर्माण गरिरहेको छ । तर अमेरिकाले चिप्समा प्रतिबन्धमार्फत प्रमुख प्रविधिमा क्षति पुगेर अर्थतन्त्रमा पर्ने असरबाट उठ्नका निम्ति चीनलाई निकै सकस पर्न सक्छ । रूसको बीसौं शताब्दी शैलीको युद्ध डरलाग्दो भए पनि २१ औं शताब्दीमा युद्धमार्फत् कुनै भूगोल कब्जा गर्दैमा कसैले शक्कि आर्जन गर्ने छैन । अब शक्तिशाली राष्ट्र त्यो नै हुनेछ जसले प्रविधि, अर्थतन्त्र र कूटनीतिमा महारत हासिल गर्नेछ । *-सेतोपाटी डटम*

# कस्तो हुनेछ आइफोन १६ ?

आइफोन निर्माता कम्पनी एप्पलको अपकमिङ फोनको फोटो लिक भएको छ । इन्टुरनेटमा आइफोन १६ सिरिजका फोनको फोटो लिक भएको छ । यो फोन कम्पनीले यही वर्ष सेप्टेम्बरमा लन्च गर्न सक्ने अनुमान छ । लन्च पूर्व नै फोनको सबै डिटेल्स बाहिरिन थालेको छ । सबैभन्दा धेरै डिटेल चाहिँ आइफोन १६ को डिजाइनबारे छ । यसबारे सामाजिक सञ्जालमा निकै चर्चा भइरहेको छ । अहिले सम्म जति पनि लिक भएका छन् त्यसका आधारमा आइफोन १६ मा क्यामरा मोड्यूल आइफोन ११ र आइफोन १२ को जस्तो हुने देखिन्छ । कम्पनीले यसमा आइफोन १२को जस्तै वर्टिकल क्यामरा मोड्यूल पनि दिन सक्नेछ । यसबाहेक फोनको क्यामरा डिजाइन केही हदसम्म आइफोन एक्स सिरिजबाट प्रेरित हुन सक्नेछ ।

**कस्तो होला डिजाइन ?**

यसको मतबल आइफोन १६ मा आइफोन एक्स र आइफोन १२ को मिक्स डिजाइन देख्न पाइनेछ । तर अगाडि पट्टीबाट हेर्दा चाहिँ फोनको डिजाइन फरक हुनेछ । सामाजिक सञ्जालमा आइफोन १६ बारे कयौं मिम्स बनिरहेको छ । उसमा आइफोन १२ युजर्सहरु आइफोन १३, १४ र १५ चलाउनेहरुको मजाक उडाइरहेका छन् । आइफोन १५ मा जस्तै आइफोन १६ मा पनि पिल कटआउटवाला डिस्प्ले हुनेछ । आइफोन १६ र आइफोन १६ प्लसमा ६.१ इन्च र ६ दशमलव ७ इन्चको डिस्प्ले पाइनेछ । प्रो भेरिएन्टमा भने फरक केही देख्न सकिने अपेक्षा गरिएको छ । खबरहरुलाई पत्याउने हो भने आइफोन १६ प्रो मा ६.३ इन्चको डिस्प्ले र आइफोन प्रो म्याक्स मा ६.९ इन्चको डिस्प्ले पाउन सकिनेछ । प्रो सिरिजमा कम्पनीले ए १८ प्रो चिपसेट जडान गर्न सक्नेछ । नन प्रो सिरिजमा भने ए १७ चिपसेट पाइनेछ । यसबाहेक कम्पनीले ४८ मेगापिक्सलको अल्ट्रावाइड एंगल लेन्स दिन सक्नेछ । साथै कम्पनीले अहिलेको भन्दा अझ राम्रो जूम सुविधा दिन सक्ने अनुमान गरिएको छ । लिक भएका रिपोर्टका अनुसार आइफोन १६ प्रो म्याक्समा ४ हजार ६७६ एमएएचको ब्याट्री हुन सक्नेछ । आइफोन १६ मा ३ हजार ५६१ एमएएचको ब्याट्री हुन सक्नेछ । आइफोन १६ प्लसमा भने ४००० एम एए चको हुन सक्ने देखिएको छ । यो फोन ४० वाटको वायर्ड चार्जिङ र २० वाटको म्याग्सेफ चार्जिङ सपोर्टको साथमा आउन सक्छ ।

*-रातोपाटी डटकम*


गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

पाल्पा


## जग्गा अधिग्रहण गर्ने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति २०८०/११/१५*

तानसेन नगरपालिका प्रस्तावक भई सञ्चालन हुन लागेको तानसेन नगरपालिका वडा नं ५ स्थित तल्लो खल्लुकबोट खानेपानी आयोजना निर्माणका लागि तानसेन नगरपालिकालाई आवश्यक पर्ने निजी/आवादी जग्गा तथा सो जग्गामा रहेका घर, गोठ, टहरा, कटेरा तथा रुख विरुवा समेत तानसेन नगरपालिकाको खर्चमा स्थायी रुपमा प्राप्त (अधिग्रहण) गर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को उपदफा १ को प्रयोजन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतको दावीका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । ऐ. ऐनको दफा १० अनुसार यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सरोकारवाला व्यक्तिले प्राप्त गरिने जग्गामा कुनै घर, टहरा, रुख विरुवा बालीनाली लगायत अन्य संरचना भए सो समेतको मुआब्जा तथा क्षतिपूर्ति दावी गर्न आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा प्रमाण सहित रितपूर्वकको निवेदन यस कार्यालयमा दिनुहुन जानकारी गराइन्छ । साथै जग्गा प्राप्त गर्नु नपर्ने कुनै मनासिव कारण भए त्यसको कारण खोली ऐ. ऐनको दफा ११ बमोजिम यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक सात दिनभित्र यस कार्यालय मार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ । सूचना प्रकाशित भएको मितिदेखि नै अधिग्रहण गरिने जग्गाहरु रोक्का रहने हुँदा उक्त जग्गामा कुनै पनि संरचना थप्ने कार्य नगर्न नगराउन हुन जानकारी गराइन्छ । तोकिएको म्याद भित्र निवेदन नदिई म्याद गुजारेको खण्डमा कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र.स. | जग्गाधनीको विवरण | | | साविक | | जग्गाको विवरण | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | बुवा/पति | हजुरबुवा/ससुरा | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | रो.आ.पै.दा. | अधिग्रहण हुने क्षेत्रफल व.मि. | अधिग्रहण हुने क्षेत्रफल रो.आ.पै.दा. | दिशा/तर्फ | मोठ पाना नं. | किसिम | |
| हालको नगरपालिका : तानसेन, हालको वडा नम्बर ५ | | | | | | | | | | | | | | |
| १ | परशुराम राना | विष्णु बहादुर | दानबहादुर | बन्दी पोखरा | १ | १४१३ | ७९४.९१ | १-९-०-० | ७९४.९१ | १-९-०-० | पुरै | | खेत/सिम | |

# हल गोरु पाल्ने किसानलाई पाँच हजार



**वालिङ (स्याङ्जा),** फागुन १४/ स्याङ्जाको वालिङ नगरपालिका-५ वडा कार्यालयले हल गोरु पाल्ने किसानलाई अनुदान दिने भएको छ । बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएकाले 'हल गोरु पालन प्रोत्साहन एवं प्रवर्द्धनात्मक' कार्यक्रम अन्तर्गत किसानलाई पाँच हजार अनुदान उपलब्ध गराउने वडाअध्यक्ष छविलाल आलेले बताए ।

हाते ट्र्याक्टर तथा प्रविधिको बढ्दो प्रयोगका कारण पुस्तौंदेखि चल्दै आएको हाम्रो परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि वडाले अभियानका रुपमा हल गोरु पाल्ने किसानलाई अनुदान दिने नीति अगाडि सारेको उनले बताए । 'नयाँ पुस्ता प्रविधितर्फ आकर्षित हुँदै गर्दा गोरुपालनका लागि वडाले बजेट विनियोजन गरेको छ,' अध्यक्ष आलेले भने, 'हाम्रो परम्पराको संरक्षणका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ ।' वडा कार्यालयले आर्थिक वर्ष २०८०/८१ को वडास्तरीय स्वीकृत योजनाबाट वडाभित्रका हल गोरु पालेका किसानलाई अनुदान दिइने उनले बताए । वडाभित्र अनुमानित ५०-७० हल गोरु हुनसक्ने अनुमान वडाको छ ।

'कृषि प्रयोजन तथा प्राङ्गारिक मलका लागि गोरु पाल्दै आएका किसानलाई गोरुको संरक्षण तथा प्रोत्साहनस्वरुप न्यूनतम पाँच हजार उपलब्ध गराउँछौँ,' अध्यक्ष आलेले भने, 'हल गोरुपालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन वडामा अनुदानका लागि निवेदन दिनुपर्नेछ ।' किसानले गोठमा हलगोरुसँग स्पष्ट देखिने गरी खिचेको तस्बिर, एकीकृत सम्पत्ति कर तिरेको रसिद, कृषि प्रयोजनका लागि एक महिनाअघि हलगोरुको व्यवस्था गरेको स्वघोषणा गरेको हुनुपर्ने वडासचिव डोलजंग गुरुङले बताए । वडा कार्यालयले किसानको गोठमा हल गोरुपालन गरे/नगरेको, स्थानीय टोलबासी तथा जनप्रतिनिधिको स्थलगत अनुगमनपछि मात्रै अनुदान दिइने सचिव गुरुङले बताए । *-रासस*

# रामपुरमा मेलमिलाप सम्बन्धी तालिम



**पाल्पा,** फागुन १४/जिल्लाको रामपुरमा मेलमिलाप सम्बन्धी आधारभूत तालिम सञ्चालन भएको छ । रामपुर नगरपालिकाको आयोजनामा तालिम भएको हो ।

२० गतेसम्म सञ्चालन हुने तालिमको नगर प्रमुख रमणबहादुर थापाले उद्घाटन गरेका हुन् । तालिम उद्घाटन गर्दै नगरप्रमुख थापाले अनुशासित र सभ्य समाज निर्माणका लागि मेलमिलापको महत्वपूर्ण भूमिका हुने बताए । उनले मेलमिलापसहितको अनुशासित समाज र नागरिकले मात्र हरेक क्षेत्रको विकासको अनुभूति गराउने धारणा व्यक्त गरे । उनले भने 'समाजमा हुने झै-झगडा, विवाद समयमा मेलमिलाप गराउन नसके धेरै ठूला घटना समेत घट्न सक्छन्, त्यसलाई रोक्न मेलमिलाप आवश्यक पर्दछ ।' नगर प्रमुख थापाले न्याय र अन्यायको सही मूल्यांकन गरेर विवादको समाधान तथा मेलमिलाप गर्न गरिनुपर्नेमा जोड दिए । मेलमिलापकर्ताहरुमा मेलमिलापका लागि आत्मविश्वास र तत्परता आवश्यक रहेको उल्लेख गर्दै उनले नगरका विभिन्न गाउँ टोलमा हुने विवादको समाधान र मेलमिलापका लागि तालिम लाभदायी हुने विश्वास व्यक्त गरे । उपप्रमुख तथा न्यायीक समितिका संयोजक बाल कुमारी थापाले समाजमा हुने विभिन्न खालका विवादलाई टोलस्तरमै समाधान होस् भन्ने हेतुले तालिमको आयोजना गरिएको बताइन् । पछिल्लो समय नगरपालिकाका विभिन्न स्थानबाट जग्गा विवाद र लेनदेनका मुद्दा बढी आउने गरेको बताउँदै उनले यस्ता विवाद वडा बाटै मेलमिलापमार्फत निरुपण गर्न आवश्यक रहेको धारणा व्यक्त गरिन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्यदर्शन पण्डितले न्याय निरुपणमा सहजताका लागि तालिमले सघाउ पुऱ्याउने बताए । ५ का वडा अध्यक्ष दुर्गाप्रसाद पोखरेलले समुदायमा हुने विभिन्न विवादलाई न्यायसंगत ढंगले मेलमिलाप गर्न मेलमिलापकर्ताले महत्वपूर्ण भूमिका खेल्नु पर्ने भन्दै तालिम सफलताको शुभकामना व्यक्त गरे । तालिमका प्रशिक्षक एवं अधिवक्ता गीता आचार्यले विवादमा मेलमिलाप आवश्यक रहेको भन्दै तालिममा संविधानले व्यवस्था गरे अनुसारको कानुनी अधिकार सम्बन्धि जानकारी दिईने बताइन् । उपप्रमुख तथा न्यायीक समितिका संयोजक बालकुमारी थापाको अध्यक्षता, न्यायीक समितिका सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा तालिम उद्घाटन कार्यक्रम भएको थियो ।


लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, पाल्पा

**दादुरा-रूबेला खोप अभियान २०८०/८१**

यहि २०८० साल फागुन १३ गतेदेखि १७ गतेसम्म पाल्पा जिल्लाका ६ स्थानीय तहमा र फागुन २१ देखि २६ सम्म पुर्वी पाल्पाका ४ स्थानीय तहमा ९ महिना देखि ५ वर्षसम्मका बालबालिकाहरुलाई दादुरा-रूबेला विरुद्धको खोप लगाइदै छ । त्यसैले आ-आफ्ना बालबालिकाहरुलाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूबेला खोप लगाउनुहुन अनुरोध छ । साथै यस अभियानमा ५ वर्षमुनिका बालबालिकाहरुलाई छुट भएको नियमित खोप पनि लगाइने भएकाले खोप कार्ड लिई आउनुहुन पनि अनुरोध छ ।

खोप अभियान सञ्चालन हुने मिति समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रूबेला लागेका १ जना व्यक्तिले १८ जना सम्मलाई संक्रमण गर्न सक्छ, त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूबेला खोप लगाऔं र नेपालबाट दादुरा-रूबेला रोग निवारण गरौं ।


**फागुन १३ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रैनादेवी छहरा, रिब्दीकोट, तानसेन, बगनासकाली, तिनाउ र माथागढी ।**

**फागुन २१ गतेबाट अभियान शुरु हुने स्थानीय तह : रम्भा, पूर्वखोला, रामपुर र निस्दी ।**

*जिल्ला खोप समन्वय समिति*
*एवं स्वास्थ्य कार्यालय, पाल्पा*


## खेलकुद समाचार

# टेस्ट क्रिकेटमा भारतले इङ्ल्याण्डलाई हरायो



**काठमाडौं,** फागुन १४/टेस्ट क्रिकेट शृङ्खलामा भारतले इङ्ल्याण्डलाई हराएको छ । चौथो टेस्टमा पाहुना टोलीलाई ५ विकेटले हराउँदै भारतले शृङ्खला जितेको हो ।

इङ्ल्यान्डले दिएको १ सय ९२ रनको लक्ष्य भारतले चौथो दिनको खाना समयपछि ५ विकेट गुमाएर भेटायो । भारतका कप्तान रोहित शर्माले ५५, शुभमन गिलले नट आउट ५२ रन बनाए । इङ्ल्यान्डका शोएब बशिरले ३ विकेट लिए । दोस्रो पारीमा इङ्ल्यान्ड १ सय ४५ रनमा समेटिएको थियो । इङ्ल्यान्डका ज्याक क्रलीले ६० रन बनाए । भारतका रविचन्द्रन अश्विनले ५, कुलदीप यादवले ४ विकेट लिए । यसअघि राँचीमा टस जितेर ब्याटिङ गरेको इङ्ल्यान्डले पहिलो पारीमा ३ सय ५३ रन बनाएको थियो । इङ्ल्यान्डका जोए रुटले नट आउट १ सय २२, ओले रोबिनसनले ५८ रन बनाए । भारतका रविन्द्र जडेजाले ४, आकाश दीपले ३ विकेट लिए । भारतले पहिलो पारीमा ३ सय ७ रन बनाएको थियो । भारतका ध्रुव जुरेलले ९०, यशस्वी जयसवालले ७३ रन बनाए । इङ्ल्यान्डका शोएब बशिरले ५ विकेट लिए । पहिलो टेस्ट इङ्ल्यान्डले जितेकोमा दोस्रो र तेस्रो टेस्ट भारतले जितेको थियो । अन्तिम तथा पाँचौँ टेस्ट मार्च ७ देखि धर्मशालामा शुरु हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# बढ्यो नेप्से परिसूचक



**पाल्पा,** फागुन १४/साताको दोस्रो कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले बढेको छ । पहिलो कारोबार दिन आइतबार २६.८१ अंकले घटेको नेप्से दोस्रो दिन भने १३.२८ अंकले बढेको हो ।

नेप्से बढेसँगै १ हजार ९ सय ९२.३० विन्दुमा कायम भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १४ अंकले उकालो लागेर तीन सय ५५ दशमलव ९७ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूह मध्ये तीन उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा १० उपसमूहको शेयर मूल्यमा भने उकालो लागेको छ । विभिन्न कम्पनीका कूल ५९ लाख ८८ हजार सात सय १७ कित्ता शेयर दुई अर्ब एक करोड ७७ लाख ३९ हजार ६० मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ७१ लाख ८० हजार दुई सय २९ मूल्य बराबरको शेयर कारोबार भयो । हिमालयन रिइन्स्योरेन्स सात करोड ७५ लाख तीन हजार आठ सय २२, शिवम् मिसेन्ट छ करोड ६७ लाख ६७ हजार पाँच सय २८, गुर्खाज फाइनान्स छ करोड २६ लाख ६४ हजार १८ र सनेपाल इन्स्योरेन्स छ करोड १८ लाख सात हजार नौ सय १८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजुको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । मनकामना स्मार्ट लघुवित्त आठ दशमलव १६, नेपाल वेयर हाउस कम्पनी सात दशमलव ६५, सोनापुर मिनरल्स सात दशमलव ३५ र सिवाइसी नेपाल लघुवित्तका लगानीकर्तालि छ दशमलव ७२ प्रतिशतले कमाएका छन् । यस्तै, समाज लघुवित्त १०, बिपीडब्ल्यू आठ दशमलव ७७, किसान लघुवित्त पाँच दशमलव ५६, गुर्खाज फाइनान्स पाँच दशमलव ३५ र ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलोका लगानीकर्ताले तीन दशमलव ६० प्रतिशतले गुमाएका छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.प्र.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई